रमेश लेखक
नेपाली काँग्रेस
सदस्य, संविधान सभा
कञ्चनपुर- ४

Ramesh Lekhak
Nepali Congress
Member of Constituent Assembly
Kanchanpur-4

माननिय उपप्रधान मंत्री एंव परराष्ट्र मंत्रीज्यू
परराष्ट्र मंत्रालय, सिहं दरवार काठमाण्डौं

विषय : अन्तराष्ट्रिय संधि अनुमोदन बारे ।

महोदय,

हतियारको अनावश्यक उत्पादन, भण्डारण ओसार पसार लगायत कार्यले विश्व समाजलाई नराम्रोसंग प्रभावित गरेको छ । हतियारको दुरुपयोगले विभिन्न स्थानमा युद्ध, मानवता विरुद्ध कार्य, ससस्त्र द्वन्द, आपराधिक समूहको क्रियाशिलता, युद्ध सरदारको प्रभाव बढाएको छ । यसले मानविय कानुनको गम्भीर उल्लघंन र व्यापक रुपले मानवता विरुद्धका अपराध भई मानव अधिकारको प्रचलनमानै ठूलो चुनौति देखा परेको छ । जैविक तथा विषयुक्त जस्ता खतरनाक हतियारको उत्पादन, भण्डारण, दुरुपयोग, युद्ध, हिसां र ससस्त्र द्वन्दको परिणामस्वरुप विश्वभरिका मानवलाई भईरहेको गम्भीर क्षतिलाई प्रभावकारी रुपले नियन्त्रण गर्न आवश्यक छ । नेपाल सदैव विश्वभरि शान्ति र हतियाररहित समाजको निर्माणका पक्षमा रहेको छ । तसर्थ हतियार नियन्त्रण सम्बन्धि केहि अन्तराष्ट्रिय संधिको चर्चा गर्न अवश्यक भएको छ

जैविक हतियारको उत्पादन र भण्डारणमा रोक लगाउन संयुक्त राष्ट्र संघले सन १९७२, अप्रेल १० तारिखमा हस्ताक्षरकालागि प्रस्ताव गरेको जैविक हतियार सम्बन्धि महासंधि (Biological Weapons Convention) (BWC) का पक्षमा नेपालले सोहि दिन हस्ताक्षर गरेको थियो । उक्त महासंधि २६ मार्च १९७५ देखि प्रारम्भ भई सकेको छ । एसियाका प्राय सबै र संसारका धेरै मुलुकले हस्ताक्षर र अनुमोदन गरि सकेको उक्त संधिलाई नेपालले हाल सम्मपनि अनुमोदन गरेको छैन । सदैव शान्ति र हतियाररहित विश्वको पक्षमा रहेको नेपालले उक्त संधि अनुमोदन गर्न विलम्ब गर्नु पर्ने कुनै कारण विद्यमान छ भन्ने लाग्दैन । यस तर्फ माननिय मंत्री ज्यूको ध्यान गम्भीररुपमा जान सकोस भन्ने आग्रह छ ।

त्यसैगरि परम्परमगत तथा साना ठूला हतियारको उत्पादन, भण्डारण, ओसार पसार र हतियारको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गर्न 'हतियार व्यापार संधि' (ARMS TRADE TREATY) लाई संयुक्त राष्ट्र संघको साधारण सभाले २ अप्रेल २०१३ मा स्विकार गरेको छ । नेपालले साधारण सभामा संधिका पक्षमा मतदान गरेको छ । यस संधिमा विश्वभरिका ११८ देशले हस्ताक्षर र ३२ देशले अनुमोदन समेत गरि सकेको छ । यो संधि अनुमोदन गर्न नेपाल सरकारले प्रतिबद्धता समेत व्यक्त गरेको स्मरण गराउन चाहन्छु । नेपालले हातहतियार सम्बन्धि यस्ता संधि अनुमोदन गरि विश्व शान्ति र मानव अधिकारका पक्षमा गहिरो प्रतिबद्धता व्यक्त गर्दा राम्रो हुने यथार्थ तर्फ माननिय उपप्रधान मंत्री एंव परराष्ट्र मंत्रीज्यू र तपाई मार्फत नेपाल सरकारको ध्यान आकृष्ट गारउन चाहन्छु ।

रमेश लेखक

सदस्य, व्यवस्थापिका-संसद

नेपाली कांग्रेस

फोन नं.: ९७७-१-४२८४३७९
मोवाइल: ९८५११८०३३३
E-mail: rlekhak@hotmail.com

Phone: 977-1-4284379 (Res.)
Mobile: 9851180333
E-mail: rlekhak@hotmail.com